# विपश्यना

साधकहरुका लागि
प्रेरणा पत्र

बुद्ध वर्ष २५५१ | कार्तिक २०६४ | वर्ष २४ अङ्क ८


## धम्मवाणी

**पराभवन्तं पुरिसं, मयं पुच्छाम गोतम ।**
**भगवन्तं पुट्ठुमागम्म, किं पराभवतो मुखं ॥** *(पराभव सुत्त)*

**हामी तपाई गोतमसंग पराभव (अवनति) तिर लैजाने पुरुषको विषयमा सोध्न आएका हौं । भगवान् ! बताउनुहोस् कि अवनति हुनुको कारण के हो ?**

**सुविजानो भवं होति, सुविजानो पराभवो ।**
**धम्मकामो भवं होति, धम्मदेस्सी पराभवो ॥**

**उन्नतिशील व्यक्तिलाई चिन्नु सजोलो छ। अवनति तिर जाने व्यक्तिलाई चिन्नु पनि सरल छ। धर्म प्रेमी व्यक्तिको उन्नति नै हुन्छ र धर्म द्वेषी व्यक्तिको अवनति हुन्छ ।**

## दानकथा

१९ जनवरी, १९७२ को दिन परम पूज्य गुरूदेव श्री ऊ बा खिनको पहिलो पुण्य-तिथिको अवसरमा बुधगयाको पावन भूमिमा ठूलो दान-यज्ञको आयोजना गरिएको थियो । सबै दानहरू मध्ये श्रेष्ठतम, ठूलोदान धर्म-दान हो । अत: दुईवटा विशाल धर्म-यज्ञको संचालन गरियो । जसबाट देश-विदेशका सयौं मानिसहरू धर्मलाभी हुनपाए । साथ साथै आमिष दान अर्थात् भौतिक दानको पनि आयोजना गरियो । भोजन, वस्त्र, मुद्रा तथा अन्य आवश्यक वस्तुहरूको पनि दान दिइयो । यस दान-यज्ञमा भारतका अनेक वयोबृद्ध भिक्षु, श्रमण-ब्राह्मणहरू आए र उहाँहरूले श्रद्धालु दायकहरूलाई दान दिने अपूर्व पुण्यको शुभ-अवसर प्रदान गर्नु भयो । सुदूर आसाम, कलकत्ता, नागपुर, लुम्बिनी, काठमाडौं, इटावा, वाराणसी, नालन्दा आदि स्थानबाट विद्वान तथा स्थविर तथा महास्थविरहरूले दान ग्रहण गर्ने अनुकम्पा गर्नुभयो । यी महाश्रमणहरू जसले धर्म आफूले सिकेर अरूलाई बुझाउने र त्यसलाई पालन गर्ने र गराउने कार्यमा आफ्नो सारा जीवन लगाए । दान लिने व्यक्ति राम्रो छ भने नै पूण्य पनि अधिक फलदायी हुन्छ । त्यस्तै भूमि उर्वरा छ भने नै रोपिएको बीऊले राम्रो फल दिन्छ ।

यसको साथसाथै बोधगयाका विपन्न प्रजा मध्ये सयौंलाई भोजन दान दिइयो । अनेकौंलाई वस्त्र दान दिइयो ।

अनेक साधकहरूले यस दान कार्यक्रममा धर्म चेतनाले भाग लिए । दानको शुद्धता यसैमा हुन्छ कि जब धर्म - चेतनाले दान दिइन्छ । यही नै दानको महाफल हो जसले हाम्रो रोगी चित्तलाई निरोगी बनाउँछ । कृपणता, कठोरता, कटुता, स्वार्थपरता, संकुचितता र नीरसताले भरिएको चित्तलाई उदार, मृदुल, कोमल, साम्य, विशाल, परमार्थी र सरस बनाउँछ । यही नै चित्तको स्वस्थता हो ।

दान गर्नु गृहस्थहरूको धर्म हो । यस देशको प्राचीनतम धार्मिक परम्परा अनुसार दानको विशिष्ट महत्व रहेको छ । अतीत कालमा सबै धनी गृहस्थहरूले बृहत दान-कार्यक्रमको आयोजना गरेको पाईन्छ । पुरातन युगमा सद्गृहस्थ ऋषि-महर्षि अष्टक, वामक, वामदेव, विश्वामित्र, यमदग्नि, अङ्गिरस, भारद्वाज, वशिष्ठ, काश्यप आदि आदि सबैले दान-यज्ञको आयोजना गरेको पाईन्छ । पूर्वकालमा महाराज विसन्तर र पश्चात्य कालका महाराज हर्ष जस्ता महादानीहरूले सर्वस्व दानको आदर्श स्थापित गरेको पाइन्छ । कर्ण र हरिश्चन्द्रको दानकथा सुन्न पाइन्छ । उनीहरूको दान चेतना उदात्त थियो । सबैको दान चेतना यस्तै उदात्त हुनुपर्छ, निर्मल हुनुपर्छ । समाजको विशिष्ट रचना व्यवस्था भएको कारणले प्रजाको धन राजाहरू र धनपतिहरूसंग संग्रहीत हुन जान्छ । यो धन एकै ठाउँमा संग्रह भई रहँदा एकै ठाउँमा जमेको पानी झैं कुहीन थाल्छ । जसले सारा राज्यलाई अस्वस्थ बनाउँछ । बगेको पानी झैं आउँदै जाँदै रह्यो भने यो निर्मल भईरहन्छ । यही बुझेर दान दिने व्यक्तिले धनको अनुचित्त परिग्रहको दोषबाट बच्नको लागि आफ्नो संग्रहीत धनलाई राष्ट्रको धन ठानेर 'संविभाग' गर्न दान दिन्छ ताकि एकै ठाउँमा जम्मा भएको धन सबै मानिसहरूमा बाँडेर उपभोग गर्न सकून् । यस्तो बुद्धिले सामाजिक समृद्धिको सन्तुलन बनाई राख्छ र यसले विषम हुनबाट बचाउँछ । सम्पन्न दाता आफ्नो धर्मबुद्धि र कर्तव्य-बुद्धिद्वारा समय-समयमा धनको संविभाग गर्दछ । बलदामा केही पाउने इच्छा राख्दैन । अरूलाई तुच्छ थानेर आफ्नो अंहभाव पुष्टि गर्नको लागि होइन । यही नै दानको श्रेष्ठता हो । यही दानको शुद्धता हो ।

विचेय्य दानं दातब्बं यत्थ दिन्नं महप्फलं ।

-धर्म बुद्धिले सोचेर बुझेर दिएको शुद्धदान महाफलदायी हुन्छ ।

हामी पनि धर्मबुद्धिले सोचेर बुझेर दान दिन सिकौं ।

दान दुई प्रकारका हुन्छन् :-

१. वट्टमूलक दान - भवचक्रमा अल्झाई राख्ने दान ।

२. विवट्टमूलक दान - भवचक्रबाट बाहिर निकाल्ने दान ।

सही धर्म-चेतना भएको व्यक्तिले भवचक्रबाट छुट्कारा दिलाउने दान नै दिन्छ । भवचक्रमा बाँध्ने दान दिंदैन ।

जसरी अन्य कर्मको फल त्यस्तै गरी दान-कर्मको फल पनि चित्तको चेतनाबाट मूल्यांकन गरिन्छ । चित्तको जस्तो चेतना हुन्छ त्यस्तै कर्मको बीऊ रोपिन्छ र त्यस्कै अनुरुप प्रकृतिले फल दिन्छ । भवचक्रलाई काट्ने विवट्टमूलक चित्त राग विहीन हुन्छ, द्वेषविहीन हुन्छ, मोह विहीन हुन्छ । यस्तो चित्तले दिएको दान नै विवट्टमूलक दान हुन्छ, लोकचक्रलाई छिन्न-भिन्न गर्ने हुन्छ । यस्तो दान गर्दा हामी

Downloaded from http://www.dhamma.digital

आफूलाई फाईदाको बारेमा अलिकति पनि सोच्दैनौं । दान पाउने व्यक्तिको भलाईलाई सम्झेर मन प्रसन्न हुन्छ । जब हामी अरूको खुसीमा हाँस्छौं, प्रसन्न हुन्छौं तब हाम्रो चित्त निर्मल हुन्छ, मृदुल हुन्छ । स्वार्थ-पूर्ण संकुचितता र कठोरताबाट मुक्त हुन्छ ।

तर दान दिने समयमा जब हामी आफ्नो हितको लागि कुनै फलको कामना गर्छौं भने त्यो रागरंजित चित्त वट्टमूलक दान हुन्छ, भवचक्र बनाउने दान हुन्छ । यस्तो चेतनाले दिएको दान भवचक्र बढाउने हुन्छ । दान दिएको बदलामा लौकिक सुख-वैभवको कामना गऱ्यो, कीर्ति फैलियोस भन्ने कामना गऱ्यो, मान-सम्मान बढोस् भनेर कामना गऱ्यो स्वर्ग प्राप्तीको कामना गऱ्यो, भने यस्ता कामनाले भरि एको चित्त सँधै बन्धन युक्त नै हुन्छ, बन्धन मुक्त हुँदैन । यस्तो दानको फल बाँध्ने नै हुन्छ, खोल्ने हुँदैन ।

त्यसैले रागरंजित चित्तले दान दिनु राम्रो हुँदैन् । त्यो भन्दा पनि नराम्रो द्वेष-दूषित चित्तले दान दिनु हो । त्यो त हाम्रो लागि झन नराम्रो कारण बन्न जान्छ । धर्मको नाममा पाप कमाउने क्रिया हुन जान्छ । अरूलाई दिंदा धन खर्च पनि भयो । साथ साथै अकुशल चित्तको आधारमा गरेको कर्म हाम्रो अमंगल र अकुशलको हेतु बन्दछ ।

केही उदाहरणबाट बुझौं कि हामी द्वेष-चित्तले कसरी दान दिन्छौं ?

एकजना माग्ने हाम्रो ढोकामा आएर कराउँछ कि "ए आमा ! पैसा दिनुस्, ए बाबा ! पैसा दिनुस्", उस्को पुकार सुन्न नसकेर उसको अगाडि पाँच पैसा फ्याँकि दिन्छु ता कि ऊ त्यहाँबाट छिटो जावस् । त्यस समय मेरो चित्त क्रोध र धृणाले भरिएको हुन्छ ।

कोही व्यक्ति कुनै स्कूल, अस्पताल अथवा आश्रम बनाउनको लागि चन्दा माग्न घर-पसलमा आउँछ । उनीहरूलाई देख्ने बित्तिकै बड्बडाउन आईहाल्छ "चन्दा, चन्दा । जहिले पायो चन्दा । आ... यिनीहरूलाई पाँच रूपैंया दिएर पठाउनु ।" मेरो मन पैसा दिंदा आक्रोशले भरिएको छ । अप्रिय चन्दा माग्नेबाट तुरुन्त छुट्कारा पाउनको लागि व्याकुल छु ।

त्यस्तै कोही मन्त्री अथवा राजनेताले मलाई घरमा अथवा अफिसमा बोलाएर भन्यो कि फलानो कामको लागि चन्दा दिनुपऱ्यो । मलाई भने त्यस चन्दा प्रति अलिकति पनि रूचि छैन् । तर राजनेता देखि डर छ । दिएन भने आउने कोटा, परमिट, लाइसेंस आदि काट्ने हो कि । कुनै जाँचपासमा अल्झाएर मेरो व्यापार चौपट गराउने हो कि । यसै डरको कारण दान दिन्छु ।

मेरो एकजना साथीले फोन गरेर भन्यो कि फलानो कामको लागि अलिकति सहयोग गर्नुपऱ्यो । मलाई दान गर्नु त मन थिएन तर लाजले केही रकम दिन्छु ।

मेरो कोही साथीले कुनै कार्यका लागि दान दिएको छ । मलाई त्यसमा दानदिने कुनै इच्छा थिएन । तर दिएन भने मेरो इज्जतमा केही दाग लाग्नेछ, अरूले कुरा काट्नेछन् । यसको डरले दान दिन्छु ।

मेरो शत्रुले कुनै क्षेत्रका लागि यति दान दियो त्यसबाट उसको सम्मान बढ्यो । यसबाट मेरो मनमा ईर्ष्या भाव जाग्छ । यसको सन्मान तोड्न अथवा त्यसको बराबरीमा आउन, अहंकारले चूर भएर उसको भन्दा बढी दान दिन्छु ।

यसप्रकार दिक्क मानेर, चिडचिडाएर, घृणाले, भयले, लाजले, प्रतिस्पर्द्धा, ईर्ष्या, वैमस्य, घमण्ड, दौर्मनस्यपूर्ण चेतनाले दान दिएको छु भने र दान दिए पछि विष्ठामा दिएँ भनेर पश्चाताप गरेको छुँ भने र न्याउरो मुख पारेको छु भने यस्तो दुर्मन चेतनाको दान मेरो लागि हितकारी हुँदैन्, बल्कि मेरो अमंगल अहितको कारण पनि बन्दछ ।

धर्म चेतनाले गरेको सबै काम मंगलकारी हुन्छ । अधर्म चेतनाले गरेको सबै काम अमंगलकारी हुन्छ । त्यसैले धर्म चेतनाले दिएको दान मंगलकारी हुन्छ । अधर्म चेतनाले दिएको दान अमंगलकारी हुन्छ । त्यसैले सँधै धर्म चेतनाले नै दान दिनुपर्छ । धर्म चेतनाले दिएको दानबाट चित्त त्यागभावले भरिएको हुन्छ । परहित, परसुखबाट मन प्रसन्न भएर मोदले भरिएको हुन्छ । तीनैकालमा प्रसन्न भएर रहने हुन्छ ।

दान दिनु अगाडि मनमा यसरी मोदकारी भाव जागीरहन्छ कि म दान दिन्छु । मेरो दानले कति मान्छेको भलो हुन्छ । कतिको कल्याण हुन्छ । दान दिने समयमा पनि यी हर्षित - मुदित भावले भरिएको हुन्छ कि म दान दिंदैछु । गृहस्थ धर्मको पालना गर्दैछु । मेरो दानले उनीहरूको हिंतसुख हुनेछ । अन्य अनेक मानिसहरूको हित हुनेछ । दान दिए पछि पनि मेरो मन बार-बार यी नै शुभ भावहरूले भरिएको हुन्छ कि ओहो ! मैले उत्तम भोजनको दान दिएँ, मैले उत्तम वस्त्रको दान दिएँ, राम्रा औषधीको दान दिएँ जुन खाएर त्यो व्यक्तिको शरीर र मन स्वस्थ-सबल हुनेछ र शील समाधि-प्रज्ञाको अभ्यास गरेर आफ्नो मंगल गर्नेछ र अनेकौं मानिसहरूको मंगलको कारण बन्नेछ । मैले यस कुटिको दान गरें जसमा रहेर साधक शील, समाधि र प्रज्ञाको अभ्यास गर्नेछन् । समथ अथवा विपश्यना साधनाको अभ्यास गरेर निर्वाण रसको सुख-शान्तिका स्वाद लिनेछन् र अनेकौंको सुख-शान्तिको कारण बन्नेछन् । मेरो दान पाउने व्यक्ति कोही जीवनमुक्त अरहन्त होस् अथवा अरहन्त सम्म पुग्ने मार्गको अनुगामी कोही जीवनमुक्त धर्मभावी संतपुरूष भएमा मेरो मन असीम आह्लाद - प्रह्लादले भर्नेछ - ओहो ! मेरो कस्तो सौभाग्य मेरो दानले यस्तो सन्त पुरूष अधिक समयसम्म स्वस्थ र सबल रहेर बाँच्नेछ र यसबाट कति मानिसहरूको हीत सुख हुनेछ । उनीहरूले मेरो दान स्वीकार गरेर मेरो भलाई गऱ्यो ।

यसप्रकार दान दिनु अगाडि, दान दिने समयमा र दान दिए पछि पनि दाताले आफ्नो निर्मल चित्तलाई प्रसन्नताले भर्दछ र मृदुल बनाउँछ ।

**पुब्बेव दाना सुमनो होति, ददं चित्तं पसीदये ।**
**दत्तवा अत्तमनो होति, एसा यञ्ञस्स सम्पदा ॥**

- दान दिने व्यक्ति दान दिनु अगाडि सुमन हुन्छ । दान दिंदा चित्त प्रसन्न रसले भर्दछ र दान दिएपछि मुदित हुन्छ । धर्म-चेतनाले दिएको दानको सुख सम्पदा यस्तो हुनेछ ।

(साभार: "मंगल जगे गृही जीवन में" वि.वि.वि., २०००)

**मंगल मित्र**
स.ना.गो

Downloaded from http://www.dhamma.digital

**भगवानको समयको एउटा घटना**

# एउटा प्रश्न

बिम्बिसारको छोरो अभय राजकुमार भगवान बुद्धप्रति श्रद्धालु बनिसकेको थियो । उनी भगवानको दर्शन गर्न बरोबर जान्थ्यो र धर्म श्रावण गर्दथ्यो । कहिले कांहि आफ्नो मनको जिज्ञासा हटाउन प्रश्न सोध्ने गर्दथ्यो ।

एक समय भगवान राजगृहको गिज्झकूट पर्वतमा विहार गरिरहनु भएको थियो, अभय पनि उनको दर्शनार्थ त्यहाँ पुगे । त्यस समयमा एउटा विशेष जिज्ञासा लिएर गएको थियो ।

त्यसो त भारतको यो सदाको विशेषता रह्यो, परन्तु त्यससमयमा मानिसहरूको विरोधी विचारहरूको प्रचारमा विशेष छुट थियो । त्यस समयमा कर्म सिद्धान्तलाई नमान्ने आचार्यहरू पनि थिए र तिनका अनेक शिष्यहरू पनि थिए । उनीहरू न कुनै राम्रो कर्मको राम्रो फल हुन्छ भनेर मान्दथे, न नराम्रोको नराम्रो । न कारण र परिणामको सिद्धान्तलाई नै मान्दथे । कुनै परिणामको कारण छैन, कुनै हेतु छैन; संसारमा सबै कुरा त्यसै अकस्मात, अकारण नै हुन्छ भन्ने धारणा थियो । यस्तो मान्यताका उपदेशक मध्य एकजना प्रसिद्ध धर्माचार्य पुरण काश्यप थिए । यदि कोहि व्यक्ति सम्यक् दर्शी, सम्यक् ज्ञानी हुन्छ भने यसको कुनै हेतु अथवा कारण छैन; बिना हेतु नै कोही व्यक्ति सम्यक् दर्शी, सम्यक् ज्ञानी हुन्छ भन्ने उनको मान्यता थियो । त्यस्तै कोही व्यक्ति अदर्शी, अज्ञानी हुन्छ अर्थात् न त्यो व्यक्तिले सम्यक् दर्शन गर्न पाउँछ, न सम्यक् ज्ञान प्राप्त गर्न सक्छ । यसको पछाडि कुनै हेतु छैन, कुनै कारण छैन । बिना कारण नै कोही व्यक्ति सम्यक् दर्शी, सम्यक् ज्ञानी हुन्छ र बिना कारण नै आदर्शी, अज्ञानी हुन्छ भन्ने मान्यता थियो ।

आज राजकुमार अभय यही मान्यताको बारेमा भगवान बुद्धको विचार थाहापाउन गएको छ । भगवानले भन्नुभयो- यो लोकीय जगतमा जुन उत्पाद हुन्छ त्यसको प्रत्यय अर्थात् कारण, हेतु भई नै हाल्छ । सबै परिणामका जराका कुनै न कुनै हेतु जोडेको हुन्छ ।

कोही व्यक्ति यथाभूत सत्य देख्न सक्दैन, थाहा पाउन सक्दैन अर्थात् अदर्शी हुन्छ, सम्यक् दर्शन, सम्यक् ज्ञानबाट बञ्चित हुन्छ। त्यसैले यो बिना हेतु होइन यसका पाँच हेतु हुन्छन्:–

(१) मनमा कामनाको ज्वार उठ्नु ।

(२) मनमा द्वेष उर्लेर आउँनु ।

(३) शारीरिक आलस्य र मानसिक प्रमादले घेरेको हुनु ।

(४) शारीरिक बेचैनी र मानसिक संतापले घेरेको हुनु ।

(५) मन संशय-शंकाले उदास हुनु ।

यी पाँच मध्ये कुनै पनि अवस्था सम्यक् दर्शन, सम्यक् ज्ञानको अवरोध बन्छ । त्यसकारण यी हेतु हुन् जसको कारणले कुनै व्यक्ति सत्यप्रति अदर्शी, अज्ञानी रहन्छ । यी पाँचै स्वभावलाई थाहा नपाइकन र तिनीहरूलाई नहटाइकन सम्यक् दर्शन कहाँ, सम्यक् ज्ञान कहाँ? अभय यी उत्तरबाट ज्यादै संतुष्ट र प्रसन्न भए । उसले सोध्यो- यी पाँचलाई के भनिन्छ भगवान ? भगवानले भन्नुभयो "नीवरण" । वस्तुत: नीवरण नै हो । सत्यलाई छोपीराखेको आवरण हो जसले सत्यलाई यथाभूत देख्न दिँदैन ।

साँच्चै भगवान ! यी नीवरण नै हुन् । यिनमा एक नीवरण मात्र उत्पन्न भए पनि अवरोध बन्न जान्छ । पाँच नीवरण उत्पन्न भए भने अवरोध त भन्नै परेन । राजकुमारले बुद्धिद्वारा बुझेर यस्तो भन्यो ।

विपश्यी साधक यसलाई स्वानुभूतिबाट बुझ्दछ । यी पाँचैलाई साधनाको क्षेत्रमा आफ्नो दुश्मन मान्छ जुन प्रगतिमा बाधा बन्न जान्छ । जसरी कुनै कचौरामा पानी रंगीन छ अथवा धमिलो छ वा ज्यादै हल्लेको छ भने त्यसमा आफ्नो प्रतिबिम्व राम्ररी कसरी देखिन्छ ! जस्तै आँखामा रंगीन चश्मा लगाएको छ अथवा आँखामा धूलो परेको छ अथवा आँखाको सामुन्ने अँध्यारो छ, अथवा पानी फोहर छ भने त्यसलाई यथाभूत कसरी देख्न सकिन्छ ? विपश्यी साधकले राम्ररी बुझ्दछ कि यी नीवरण जति जति नष्ट हुन्छन्, चित्त त्यति त्यति समाहित हुन्छ, शान्त हुन्छ, स्वच्छ हुन्छ, किन कि आवरणहीन हुन्छ । त्यसैले यथाभूत सत्य देख्न सकिन्छ । साँच्चै नै भनेको छ, **समाहितो यथाभूतं पजानति** । चित्त सम्यक् रूपले समाहित भएपछि नै सत्यलाई प्रज्ञापूर्वक यथाभूत जान्दछ ।

यस्तै प्रकार भगवानले बुझाउनु भयो कि सम्यक्दर्शी र सम्यक् ज्ञानी पनि बिना हेतु हुन सक्दैन । यसको पनि हेतु छन्, कारण छन् । सात हेतु हुन्छन् जुन भएपछि कुनै पनि व्यक्ति सम्यक् दर्शी, सम्यक् ज्ञानी बन्न सकिन्छ । यी हेतु हुन् -

(१) सति (स्मृति) : अर्थात् सजगता । नाम रूपको उदय-व्यय हेर्दा हेर्दै, भ्रम-भ्रान्तिबाट टाढा हुँदै, राग-द्वेषबाट टाढा हुँदै, निरोध अवस्थालाई प्राप्त गर्दछ । अर्थात् सबै इन्द्रिय अनुभूतिलाई परि त्याग गरेर, त्यो भन्दा परको परम सत्य निर्वाणलाई देख्दछ । यो सतिको अभ्यासलाई संवर्धन गर्दै यथाभूत सम्यक् दर्शन र सम्यक् ज्ञान लाभ गर्दछ । ठीक यस्तै प्रकार:

(२) विरिय (वीर्य): अर्थात् परिश्रम, पुरुषार्थको अभ्यासलाई संवर्धन गर्दछ ।

(३) धम्मविचय (धर्म विचयन): अर्थात् सत्यलाई टुक्रा-टुक्रा गर्दै, त्यसको स्वभावलाई थाहा पाउने अभ्यासको संवर्धन गर्दछ ।

(४) पिति (प्रीति): अर्थात् आनन्दको अनुभूतिको अभ्यासलाई संवर्धन गर्दछ ।

(५) प्रसद्धि (प्रश्रब्धि): अर्थात् प्रशांत प्रसद्धिको अभ्यासलाई संवर्धन गर्दछ ।

(६) समाधि: अर्थात् कुशल चित्तको एकाग्रतालाई संवर्धन गर्दछ ।

(७) उपेखा (उपेक्षा): अर्थात् सबै इन्द्रिय जगतको अनित्य स्वभावलाई स्वानुभूतिद्वारा थाहा पाएर, समताको अभ्यासलाई संवर्धन गर्दै, यथाभूत सम्यक् दर्शन र सम्यक् ज्ञानको लाभ प्राप्त गर्दछ ।

यी सात हेतु हुन्, कारण हुन् जसको कारणले कुनै पनि व्यक्ति सम्यक्दर्शी, सम्यक् ज्ञानी बन्न सक्छ । विना कारण होइन ।

"के नाम हुन् भगवान ! यी सातका ?"

Downloaded from http://www.dhamma.digital

"राजकुमार, यिनलाई बोध्यङ्ग भन्दछन् ।"

"साँच्चै नै बोध्यङ्ग नै हुन् भगवान ! बोधिका अंग नै त हुन्, भगवान ।" "यिनीहरूमध्ये कुनै एकको परिपुष्ट गरेपछि यथाभूत सम्यक् दर्शन, सम्यक् ज्ञानको लाभ प्राप्त गर्न सक्छ । सातैवटा परिपुष्ट भएपछि त के भन्ने !"

अभय राजकुमारले यसलाई बुद्धिको स्तरमा बुझ्यो । परन्तु प्रत्येक साधकले यो कुरालाई अनुभवबाट थाहा पाउँछ कि यी सातैवटाको अभ्यासबाट नै ऊ विस्तार-विस्तारै बन्धनबाट मुक्तितर्फ, नश्वरबाट अमृततर्फ बढ्दै जान्छ र सत्यको यथाभूत सम्यक् दर्शन र सम्यक् ज्ञान उपलब्ध गर्दै जान्छ ।

राजकुमार अभय भगवानको उत्तरबाट अत्यन्त संतुष्ट र प्रसन्न भयो । भगवानसंग भेट्नको लागि उनलाई गिज्झकुट पर्वतको उचाई चढ्नु परेको थियो जुन कि श्रमसाध्य थियो । शरीर र चित्तलाई थकाई पैदा गरेको थियो । परंतु अब भन्छ कि भगवानलाई भेटेर, उनबाट धर्म-विश्लेषण सुनेर सबै थकाई मेटियो । यी स्पष्ट, सही ज्ञानको अमृत सिंचनले मन शीतल शान्त भयो । अभय धन्य भयो ।

आऊ साधक, हामी पनि पाँचै नीवरणलाई बुझौं र तिनलाई टाढा भगाउने प्रयत्नमा लागौं, सातै बोध्यङ्गलाई बुझौं र तिनलाई भावित गर्ने प्रयत्नमा लागौं । यसैमा हाम्रो कल्याण निहीत छ ।

(साभार: हिन्दी विपश्यना पत्रिका, कार्तिक पूर्णिमा, १९९०)

**कल्याण मित्र**
स.ना.गो

## धम्महलको शिलान्यास कार्यक्रम

नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्गको वर्तमान धम्महलको पुन: निर्माण गर्ने कार्यको थालनी हुँदैछ । यसको लागि वर्तमान धम्महललाई भत्काएर जग खन्नेकाम भइरहेको छ । धम्महलको शिलान्यास आगामी मंसिर ८ गते, कार्तिक पूर्णिमाको दिन गरिने जानकारी गराउन चाहन्छौं । शिलान्यास कार्यक्रम त्यस दिन हुने एक दिवसीय शिविरको समापन पछि हुनेछ । अत: शिलान्यास कार्यक्रममा उपस्थित हुन चाहने साधक-साधिकाहरू उक्त समयमा सहभागि हुन आह्वान गर्दछौं ।

## धर्म गाथा

### हिन्दी

*सुख - दुख दोनों एक से, मान और अपमान ।*
*चित्त विचलित होवे नहीं, तो सच्चा कल्याण ॥*

*जीवन में आते रहें, पतझड और बसन्त ।*
*मन की समता न छुटे, तो सुख - शान्ति अनन्त ॥*

*ज्यूँ ज्यूँ अन्तर्जगत में, निर्मल समता होय ।*
*काया वाणी चित्त के, कर्म सुधरते जायँ ॥*

*तन सुख, मन सुख, मान सुख, भले ध्यान सुख होय ।*
*पर समता सुख परम सुख, अतुल अपरिमित होय ॥*

*विषम जगत में चित्त की, समता रहे अटूट ।*
*तो उत्तम मंगल जगे, होय दुखों से छुट ॥*

*शुद्ध धर्म जग में जगे, होय विषमता दूर ।*
*छाए समता सुखमयी, योग - क्षेम भरपूर ॥*

मंगल कामना सहित
**पारमिता ट्रेडिङ्ग कम्पनी लि.**
काठमाडौं, फोन ४२६४१४७
विक्रेता: शीशा र आल्मोनियम च्यानल

### हिन्दी

*मुक्त होय हम राग से, मुक्त द्वेष से होय ।*
*मुक्त होय हम मोह से, तो प्रज्ञा - स्थित होय ॥*

*शीलवान होए बिना, शुद्ध समाधि न होय ।*
*बिन समाधि प्रज्ञा कहाँ ? मुक्ति कहाँ से होय ?*

*वह ही जीवन - मुक्त है, जो प्रज्ञा स्थित होय ।*
*बिन प्रज्ञा आसक्ति है, मुक्ति कहाँ से होय ?*

*बिन प्रज्ञा उत्तप्त मन, राग द्वेष संवेग ।*
*आकुल व्याकुलता भरी, उथल पुथल उद्वेग ॥*

*अंतर की प्रज्ञा जगे, दु:ख होय सब दूर ।*
*मैत्री करूणा प्यार से, भरे हृदय भरपूर ॥*

*जो उपजे देह भंग हो, विपश्यना से देख ।*
*कैसा मंगल शुद्धि - पथ रहे न दुख की रेख ॥*

मंगल कामना सहित
**सीताराम गोकुल मिल्क लि.**
काठमाडौं, फोन ४३३०७८८
विक्रेता: दुग्ध तथा दुग्ध पदार्थ

*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ४३७१६५५, ४३७१००७ २०६४ कार्तिक
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । फोन : ४२२५४९०, ४२२३९६८, ४२४८९४९, ४२५०५८१, email: nvc@htp.com.np
*मुद्रक :* न्यू नेपाल प्रेस, प्रधान कार्यालय फोन : ४४३४ ८५०, ४४३४ ७५३; शाखा कार्यालय फोन : ४२५ ९०३२, ४२ ९४५०, फ्याक्स : (+९७७-१) ४२५८६७८

जि.प्र.का.द.नं. ३८/५१/५२

● आजीवन शुल्क रू. २००/-

साधकको नाम : ..............................................

ठेगाना : ..............................................

..............................................

..............................................

Downloaded from http://www.dhamma.digital